Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited)

As on 31st Ashwin 2082 (17th October 2025) (1st Quarter of FY 2082/83)

(Rs.'000)

Particulars	2082.06.31 (17.10.2025)	2082.03.32 (16.07.2025)	2081.06.30 (16.10.2024)
Assets			
Non Current Assets			
Property, Plant & Equipment	22,035,478.79	476,731.85	465,091.30
Capital Work-in-Progress	3,889.37	21,116,822.00	19,674,640.93
Total Non-Current Assets (A)	**22,039,368.16**	**21,593,553.85**	**20,139,732.23**
Current Assets			
Inventory	624.25	653.57	989.30
Accounts Receivables	101,850.91	-	-
Advances, Deposits and other Receivables	111,403.06	103,307.95	134,298.60
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	150,500.81	177,455.27	204,774.31
Total Current Assets (B)	**364,379.03**	**281,416.79**	**340,062.21**
Total Assets (A+B)	**22,403,747.19**	**21,874,971.00**	**20,479,794.44**
Equity & Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(378,347.36)	(394,842.00)	(425,937.24)
Total Equity (C)	**5,621,652.64**	**5,605,158.00**	**5,574,062.76**
Non Current Liabilities			
Long-term Liabilities	16,245,742.04	15,777,301.45	14,328,563.45
Total Non-Current Liabilities (D)	**16,245,742.04**	**15,777,301.45**	**14,328,563.45**
Current Liabilities			
Provisions	2,869.28	2,869.28	7,087.20
Trade and Other Payables	533,483.22	489,641.92	570,081.04
Total Current Liabilities (E)	**536,352.50**	**492,511.20**	**577,168.24**
Total Equity and Liabilities (C+D+E)	**22,403,747.19**	**21,874,971.00**	**20,479,794.44**

Statement of Financial Performance (Unaudited) from 1st Shrawan 2082 to 31st Ashoj 2082 (1st July to 17th October 2025) (1st Quarter of FY 2082/83)

(Rs.'000)

Particulars	FY 2082/083 (Upto Ashoj) (2025/026)	FY 2081/082 (Upto Ashad) (2024/025)	FY 2081/082 (Upto Ashoj) (2024/025)
Income			
Revenue from Sale of Electricity	101,850.91	-	-
Expenses			
Royalty	(4,587.02)	-	-
Administrative Expenses	(11,733.27)	(44,221.67)	(12,478.16)
Depreciation	(26,891.01)	(615)	(157.54)
Operating Profit/ (Loss) (A)	**58,639.61**	**(44,836.32)**	**(12,635.71)**
Finance Income	325.61	3,085.15	1,011.36
Other Income	35.00	55.00	-
Total Income (B)	**360.61**	**3,140.15**	**1,011.36**
Finance Cost	(42,505.57)	-	-
Profit / (Loss) before Tax and Bonus (A-B)	**16,494.65**	**(41,696.17)**	**(11,624.35**
Employee Bonus	-	-	-
Profit/ (Loss) before Tax	**16,494.65**	**(41,696.17)**	**(11,624.35)**
Less: Tax			
Current year tax	-	-	22.03
Prior year Tax	-	-	-
Net Profit/ (Loss) for the period	**16,494.65**	**(41,696.17)**	**(11,646.38)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची–१४ अनुसार कम्पनीको आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :**

प्रति शेयर आम्दानी रू.१.१० (वार्षिकीकरण गरिएको), प्रति शेयर नेटवर्थ रू.९३.६९, प्रति शेयर कुल सम्पत्तिको मूल्य रू.३७३.४० र तरलता अनुपात ०.६८ रहेको ।

कम्पनी मार्फत हुने खर्चहरू मध्ये कम्पनीको केन्द्रीय कार्यालयमा हुने प्रशासनिक खर्चलाई नाफा/नोक्सान हिसाबमा देखाउने र आयोजनामा भएको खर्चलाई चालु पूँजिगत कार्यमा देखाउने गरिएकोमा मिति २०८२ असोज २० गते देखि व्यापारिक उत्पादन शुरु भएकोले सो मिति (Commercial Operation Date, COD) पश्चात्का सबै खर्चहरु नाफा-नोक्सान हिसाबमा लेखांकन गरिएको छ । साथै, ब्याज तथा अन्य जुनसुकै तरिकाबाट हुने आम्दानीलाई नाफा/नोक्सान हिसाबमा आय स्वरूप देखाउने गरिएको छ ।

चुक्ता पूँजीबाट वासलातमा देखाइएको सञ्चित नोक्सानीलाई घटाएप आएको रकमलाई शेयर कित्ताले भाग गर्दा आउने भागफललाई नेटवर्थ मानिएको कारण शेयरको किताबी मूल्य रू.१००/- बाट घट्न गई रू.९३.६९ पुग्न गएको छ । यसै गरी समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको रकम शेयर संख्यासे भाग गर्दा हुने रकमलाई प्रति शेयर आम्दानी देखाउने गरिएको छ । कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याज रकमलाई चालु पूँजिगत खातामा देखाइएको छ भने साँवा ब्याज गरी कुल रकमलाई दिर्घकालीन कर्जामा देखाउने गरिएकोमा COD मिति देखिको ब्याजलाई नाफा नोक्सान हिसाबमा देखाउने गरिएको । सञ्चय कोषले प्रत्येक तीन/तीन महिनामा ब्याजलाई पूँजिकरण गर्ने गर्दछ ।

साथै, कम्पनीको दैनिक एवं प्रशासनिक तथा अन्य कार्य सञ्चालनका लागि आवश्यक रकम कम्पनीको मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.बाट लिने गरिएको र आ.व.२०८२।०८३ को प्रथम त्रैमासिक अवधिमा रु.१५ करोड थप सहित उक्त कम्पनीबाट २०८२ असोज मसान्त सम्म रु.७३ करोड कर्जा लिइएको र सो बापतको ब्याज नियमित भुक्तानी गर्ने गरिएको छ ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. धितोपत्र बजारमा सूचिकृत एक सार्वजनिक कम्पनी हो । यस कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रबिसे नगरपालिका (तत्कालीन मार्मिङ र गाती गा.वि.स.) भएर बग्ने भोटेकोशी नदीको जलसम्पदा प्रयोग गरी १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको कार्य अगाडि बढाएकोमा उक्त आयोजना सम्पन्न भई मिति २०८२ असोज २० गतेबाट व्यापारिक उत्पादन शुरु भइसकेको हुँदा सो अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरु पूँजीकरण गरिएको छ । साथै, व्यापारिक उत्पादन शुरु भइसकेकोले निकट भविष्यमा कम्पनीको ऋण वापतको साँवा ब्याज रकम नियमित फिर्ता भुक्तानी गर्न शुरु गर्ने योजना कम्पनीको रहेको छ ।

(ख) यस त्रैमासिकमा आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई विद्युत उत्पादन प्रारम्भ गरिएको हुँदा निर्माण चरण सम्पन्न गरी सफलतापूर्वक सञ्चालन चरण प्रवेश गरेकोले कम्पनीको जोखिम प्रोफाइल (निर्माणाकालीन जोखिमबाट सञ्चालनकालिन जोखिममा) रुपान्तरण भएको ।

(ग) यस त्रैमासिक अवधिमा आयोजनाको व्यापारिक उत्पादन (Commercial Operation Date - COD) सुरु भएसँगै मुख्य वित्तीय विवरणहरूमा निम्नानुसार महत्वपूर्ण परिवर्तनहरू देखिएका छन्ः

- आयोजना सम्पन्न भएपछि, Capital Work-in-Progress मा रहेको करिब रु.२२ अर्ब रुपैयाँ नेपाल लेखामाप अनुसार सम्पत्ति, प्लान्ट तथा उपकरण (Property, Plant & Equipment - PPE) शीर्षकमा स्थानान्तरण गरिएको छ । फलस्वरूप, आ.व. २०८१।८२ को प्रथम त्रैमासिकको तुलनामा यस त्रैमासिकमा PPE शिर्षकमा अत्यधिक वृद्धि देखिएको छ । यसको सोझो असर Capital Work-in-Progress को शिर्षकमा ठूलो कमी आउनुमा समेत देखिएको छ ।
- PPE शिर्षकमा ठूलो रकम पूँजीकरण भएका कारण, ह्रास कट्टी (Depreciation Charge) को भार अब नाफा/नोक्सान हिसाबमा देखिन थालेको छ । यसैले, अघिल्लो आ.व. को प्रथम त्रैमासिकको तुलनामा यस त्रैमासिकमा ह्रास खर्चमा उच्च वृद्धि भएको छ ।
- COD पछि विद्युत बिक्री सुरु भएकोले, नेपाल विद्युत प्राधिकरणले बिलिङ गरेको ४५ दिनपछि मात्र भुक्तानी गर्ने व्यवस्था अनुसार लेखा प्राप्तव्य (Accounts Receivables) खातामा रकम देखिन थालेको छ ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ ।

(ङ) निर्माण चरणका ब्याज तथा अन्य खर्चहरु पूँजीकरण हुने एवं विद्युत बिक्री मार्फत आम्दानी हुने भएकाले यस अघिका प्रतिवेदनमा देखिने गरेको नोक्सानी उल्लेख्य रुपमा कम हुँदै जाने र निकट भविष्यमा प्रति शेयर आम्दानी, शेयरधनीहरुको प्रतिफल एवं कम्पनीको प्रतिशेयर नेटवर्थ जस्ता वित्तीय सूचकहरुमा सकारात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:** सो नभएको

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन् । आयोजनाको व्यापारिक उत्पादन शुरु भइसकेकोले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्ने हुँदा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्तालाई समेत आगामी वर्षमा आकर्षक प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण :**

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३४२.००	२७०.००	२७०.३०	५१	२४,३४२	२,५०६,८७०

५. **समस्या तथा चुनौति:**

आयोजनाबाट उत्पादित विद्युतशक्ति निकासीका लागि मुख्य पूर्वाधारको रुपमा रहेको नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन बाह्रबिसे हब सब-स्टेशन सम्पन्न नभैसकेकोले ने.वि.प्रा.को तामाकोशी-काठमाडौं २२०/४०० के.भी. प्रसारण लाइन आयोजनाको ४०० के.भी. लाइनमा २२० के.भी. चार्ज गरी न्यू खिम्ती सब-स्टेशन मार्फत वैकल्पिक व्यवस्था गरी विद्युत शक्ति राष्ट्रिय ग्रिडमा आबद्ध गरिएको वर्तमान परिप्रेक्ष्यमा स्वतः विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA)Take & Pay मा परिवर्तन भएकोले उक्त बाह्रबिसे हब-सब स्टेशन सम्पन्न नहुँदासम्म नियमित विद्युत बिक्री आम्दानी प्रभावित हुन सक्ने जोखिम रहेको छ ।

विभिन्न प्राकृतिक जोखिमहरूलाई मध्ये नजर गर्दै पावर हाउस, बाँध तथा प्रसारण लाइन समेतलाई प्राकृतिक प्रकोपबाट बचाउन निगरानी एवं नियमित मरिक्षण तथा आवश्यक पूर्व तयारी गर्ने गरिएको छ । आयोजनाको सञ्चालन चरण सुरु भएसँगै Property All Risks Policy, Machinery Breakdown, Loss of Revenue, Third Party Liability सहितको वृहत्तर बीमा (Comprehensive Insurance) गर्ने कार्य सम्पन्न भएको छ । साथै, प्लान्टको उच्चतम उत्पादन क्षमता सुनिश्चित गर्न सञ्चालन तथा र नियमित मर्मत सम्भार खर्च समेत प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

आयोजनाको निरन्तर र भरपर्दो सञ्चालन सुनिश्चितता गर्न महत्वपूर्ण हुने इलेक्ट्रोमेकानिकल उपकरणहरूको नियमित मर्मत सम्भार (Preventive Maintenance) तथा आवश्यक स्पेयर पार्टहरूको पर्याप्त मौज्दात कायम गर्नु पनि चुनौती रहेको छ ।

यसका साथै, आयोजना सञ्चालन चरणमा प्रवेश गरेकोले विगतमा ब्याज तथा अन्य विविध आम्दानीमा निर्भर रहेको कम्पनीले उप्रान्त नेपाल विद्युत प्राधिकरणसँगको PPA अनुसारको विद्युत बिक्री आय आम्दानी गर्ने भएता पनि ठूलो मात्रामा पूँजीकरण भए सँगै अब ब्याज खर्च र ह्रास कट्टीको भार नाफा/नोक्सान हिसाबमा देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन सन्तुलित गर्नु समेत चुनौती रहेको छ ।

६. **संस्थागत सुशासन:**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्य व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियमावली सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली, भ्रमण विनियमावली लगायत कम्पनीको आफ्नै स्वीकृत नियम/विनियमावलीहरू नभएको हकमा मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को लागू गरिएको छ । साथै, आयोजना सञ्चालन चरणमा प्रवेश गरेकोले कम्पनीले आफ्नै कर्मचारी सेवा शर्त विनियमावली तयार गरी लागू गर्ने योजना रहेको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ । कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट दुई जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि. (Chilime Engineering and Services Co. Ltd., Chesco) बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । साथै, आउटसोर्सिंग सम्झौता गरी Chesco मार्फत आवश्यक प्राविधिक कर्मचारीहरु उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत सम्भारको कार्य अगाडि बढाइएको छ । समेत कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । नियमित आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वाश लिएको छु । लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन । थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको कदमलाई सधै स्वागत योग्य ठान्ने छु ।

मिति २०८२।०७।३० गते आइतबारको "आर्थिक राष्ट्रिय दैनिक" मा प्रकाशित